नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौं, नेपाल।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

पत्र संख्याः २०८१/८२
च.न. ७२

मितिः२०८१/०४/०६

श्री बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान
श्री पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल
श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल
श्री पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,पोखरा
श्री कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
श्री राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ्ग
श्री रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, राजविराज
श्री स्वास्थ्य विमा वोर्ड, काठमाडौं
श्री स्वास्थ्य सेवा विभाग, काठमाडौं
श्री औषधी व्यवस्था विभाग, काठमाडौं
श्री आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभाग, टेकु
श्री शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं
श्री कोशी अस्पताल, विराटनगर
श्री गजेन्द्र नारायण सिंह अस्पताल, राजबिराज
श्री नारायणी अस्पताल, विरगंज
श्री भरतपुर अस्पताल, चितवन।
श्री मानसिक अस्पताल, लगनखेल
श्री राष्ट्रिय ट्रमा सेन्टर, महाँकाल
श्री राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, काठमाडौं
श्री जी.पी. कोईराला राष्ट्रिय स्वास प्रश्वास केन्द्र, तनहुँ
श्री सुशिल कोईराला प्रखर क्यान्सर अस्पताल, बांकें
श्री भेरी अस्पताल, बांकें
श्री डडेलधुरा अस्पताल, डडेलधुरा
श्री भक्तपुर क्यान्सर अस्पताल,भक्तपुर
श्री गेटा अस्पताल, कैलाली
श्री पशुपति होमियो चिकित्सालय, ललितपुर
श्री कान्ती बाल अस्पताल, काठमाडौं
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं
श्री परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल, थापाथली
श्री नेपाल आखाँ अस्पताल, काठमाडौं
श्री बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर
श्री मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्स्प्लान्ट केन्द्र, काठमाडौं
श्री शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
श्री त्रि.वि. शिक्षण अस्पताल,काठमाडौं
श्री आयुर्वेद चिकित्सालय, नरदेवी
श्री सिंहदरवार वैद्यखाना, काठमाडौं
श्री बी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र, काठमाडौं
श्री नेपाल नेत्र ज्योति संघ, काठमाडौं
श्री शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
श्री राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, भक्तपुर
श्री राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, काठमाडौं
श्री राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, काठमाडौं
श्री राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, काठमाडौं
श्री राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौं
श्री स्वास्थ्य अनुसन्धान परिषद्, रामशाहपथ
श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल नर्सिङ्ग क्याम्पस

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौं, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ८२

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

**विषयः आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

विनियोजन ऐन, २०८१ सङ्घीय संसदबाट पारित भई मिति २०८१/३/३० का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८१/८२ का लागि तहाँ अन्तर्गत निकायहरूमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पूरा हुने विश्वास लिएको छु। बजेटले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ। समग्र वित्तीय अनुशासन कायम गर्दै बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन ऐन, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (३) बमोजिम यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछ।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८१ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँड गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर उक्त समयावधिभित्र बाँडफाँड हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यकता र औचित्य हेरी सम्वत् २०८१ साल पुस मसान्तसम्म बाँडफाँड गरिदिन सक्नेछ। सो थप समयावधि भित्र बाँडफाँड नभएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौं, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ६२

३. अनुदान संकेत नं. ६०२ बाहेकको खर्च संकेत नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ।

४. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८१ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु हुनेछ।

**(ख) कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयन**

५. विनियोजन ऐन, २०८१ को दफा ७(१) बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश र स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाउनु हुनेछ।

६. प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो कार्यक्रम/आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७. बुँदा नं. ५ बमोजिम प्रदेश र स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश र स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिने व्यवस्था मिलाउनु हुनेछ।

८. बुँदा नं. ६ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना/कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिने व्यवस्था मिलाउनु हुनेछ।

९. स्थानीय तहको पुँजीगत तर्फको कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी

डा. रोशन पोखरेल
सचिव

रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ। यसको प्रतिवेदन र लेखा परीक्षण सम्बन्धित तहले नै गर्नु/गराउनु पर्नेछ।

१०. बुँदा नं. ७, ८ र ९ बमोजिम गरिएको व्यवस्थाको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश वा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

११. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा २०८१ भाद्र २ गते, २०८१ कात्तिक २ गते, २०८१ माघ २ गते र २०८२ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

१२. बुँदा नं.११ बमोजिम हस्तान्तरण गर्दा पुस मसान्तसम्मको राजस्व लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान निर्धारण गरी सोही बमोजिम तेस्रो किस्ताको रुपमा र चैत्र मसान्तसम्मको राजस्वको लक्ष्य र सङ्कलन भएको राजस्वको आधारमा समानीकरण अनुदान पुनः निर्धारण गरी चौथो किस्ताको रुपमा हस्तान्तरण गरिनेछ।

१३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश र स्थानीय तहले २०८१ कात्तिक १ गते, २०८१ माघ १ गते, २०८२ वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ। सो बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

१४. प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

१५. सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएको रकमको स्थानीय र प्रदेश तहले भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण २०८१ मङ्सिर १५ गते, २०८१ चैत्र १५ गते, २०८२ असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक

डा. रोशन पोखरेल
सचिव

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।



वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

१६. बुंदा नं. १५ बमोजिम खर्चको विवरणबाट क्रियाकलाप अनुसारको खर्च यकिन गरी महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ।

१७. सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

१८. बुंदा नं.१७ बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँडको रकमबाट कट्टा गरी समायोजन गर्नेछ। अघिल्ला आर्थिक बर्षको सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने बचत रकम फिर्ता दाखिल नगरेमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँड वा रोयल्टी बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

१९. वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था ती आयोजना कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागज़ात सम्बन्धित प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ। प्रदेश वा स्थानीय तहले उल्लेखित सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गर्नु हुनेछ।

२०. प्रदेश र स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

२१. अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित प्रदेश र स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. 02

२२. विनियोजन ऐन, २०८१ बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम/आयोजना अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

२३. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा कार्यविधि २०८१ साउन मसान्त भित्र बनाउनु हुनेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु हुनेछ तर थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

२४. विनियोजन ऐन, २०८१ बमोजिमका स्वीकृत बार्षिक आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजना सहित आवश्यक करार तथा अस्थायी पदपुर्ति संवत् २०८१ साल श्रावण मसान्तभित्र स्वीकृत गराई सक्नु हुनेछ।

२५. आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्नु हुनेछ। राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२६. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। यस्ता कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नु हुने छैन। साथै, आर्थिक बर्षको विचमा नयाँ कार्यक्रम/आयोजना सञ्चालनका लागि प्रस्ताव गर्नुहुने छैन।

२७. आर्थिक वर्ष २०८१/८२ का बजेटमा समावेश भएका नयाँ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा सो आयोजनामा प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भए/नभएको यकिन गर्दै दोहोरो नपर्ने गरी समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२८. अर्थ मन्त्रालयको सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्नु हुने छैन। सहमति विना सिर्जना भएको थप दायित्वको व्यवस्थापन (निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) अर्थ मन्त्रालयबाट हुने छैन। यस्ता प्रकृतिका कार्य भएमा आर्थिक कार्यविधि

डा. रोशन पोखरेल
सचिव

तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ को उपदफा ५ र ६ अनुसार हुने व्यहोरा जानकारी गर्नु/गराउनु हुनेछ।

२९. आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नु गराउनु हुनेछ। स्रोत सहमतिलाई व्यवस्थित गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी सहमति माग गरेको आर्थिक वर्षमा मापदण्डले तोकेको भन्दा बढी स्रोतको सहमति प्रदान गरिने छैन।

३०. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट रू.१० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

३२. आयोजना प्रमुखलगायत अन्य कर्मचारीलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धीको अभिलेखलाई आधार बनाउनु हुनेछ।

३३. आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ। कर्मचारी सरूवा, पदस्थापन लगायतका कार्य तोकिएको समयमा नहुँदा कार्यक्रम/आयोजना कार्यान्वयनमा बाधा उत्पन्न हुने भएकोले कर्मचारी सरूवा/पदस्थापन गर्न आवश्यक भएमा यथाशीघ्र सम्पन्न गर्नु हुनेछ।

३४. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति

डा. रोशन पोखरेल
सचिव

आवश्यक पर्ने छैन। दोस्रो त्रैमासिक निकासा भुक्तानीको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सहकारीज्यूबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्रतिवद्धता प्राप्त गरी निकासा/भुक्तानी व्यवस्था मिलाउनु हुनेछ।

३५. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ। सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

३६. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ। तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिनेछ।

३७. कार्यक्रम/ आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र ए.डि.बि/ पि.बि.एल-पि.एफ.एम (ADB/PBL-PFM) आई.एम.एफ/ ई.सि.एफ (IMF/ECF) आई.डि.ए/ डि.पि.सि-ग्रिड (IDA/DPC-GRID) ए.डि.बि/ पि.बि.एल-ग्रिड (ADB/PBL-GRID) लगायत बजेटरी सहायतातर्फको विनियोजित रकम वैदेशिक स्रोत प्रास नभएमा नेपाल सरकार स्रोतबाट हिसाब मिलान गर्ने गरी दोस्रो त्रैमासिक सम्म बजेट फुकुवा गरिएको छ। सो बाहेक अन्य सबै ऋण तथा अनुदानको भुक्तानी दिनु पहिले महालेखा नियन्त्रक कार्यालयमार्फत यस मन्त्रालयको स्वीकृति लिनु हुनेछ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। चालु आ.व.मा सुरू गर्न प्रस्ताव गरिएका नयाँ आयोजना तथा कार्यक्रमको हकमा वित्तीय संझौता प्रभावकारी भएको सुनिश्चित गरेर मात्र खर्च गर्नु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०८१ साउन मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

३८. सरकारी स्वामित्वको भवन निर्माण तथा भवनभित्र गरिने सजावटको सम्बन्धमा शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माण तथा सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नु पर्नेछ। कार्यालयको कार्य प्रकृति, सेवा प्रवाह गर्नुपर्ने क्षेत्र, सेवाग्राहीको संख्या, जनशक्ति लगायतका विषयलाई ध्यानमा राखी एकरुपता कायम हुने गरी गैर आवाशीय भवनको लागत अनुमान तयार गर्नु हुनेछ। भवन तथा सजावटको विस्तृत

डा. रोशन पोखरेल
सचिव

डिजाइन र लागत अनुमान तयार गर्ने कार्य सम्भव भएसम्म शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरूबाट गर्नु/गराउनु हुनेछ।

३९. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। सडक, पुल, बाँध, सिँचाई, नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४०. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ। आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग गरेको विवरण महालेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा जानकारी गराउनु हुनेछ। सार्वजनिक ऋणका हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी दिने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गरिनेछ। समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ। तर Sector Wide Approach (SWAP) मा आधारित बैदेशिक स्रोत समावेश भएका Disbursement Linked Indicator (DLI) निर्धारित आयोजनाको समेत निर्धारित प्रक्रिया पुरा गरी नियमित रुपमा बैदेशिक स्रोतको रकम सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। SWAP तथा DLI मा आधारीत कार्यक्रम तथा आयोजनाको सोधभर्ना प्राप्त रकम म.ले.नि.का.ले छुट्टै Designated Account मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रूपमा सरकारी कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधिसम्म थप निकासा दिइने छैन। विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौं, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ८२

४३. अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरवन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र दरवन्दी भन्दा बढि कर्मचारी कुनैपनि निकायमा नखटाउने र खटाउनै पर्ने भए अस्थायी दरवन्दी स्वीकृति गरी मात्र पठाउने व्यवस्था गर्नु/गराउनु हुनेछ।

४४. सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा मन्त्रालय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्ने र सो नभएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेको तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि अर्थ मन्त्रालयको सहमति लिनु हुनेछ। साथै, फाजिलमा कर्मचारी हुँदाहुँदै अर्थ मन्त्रालयको सहमति विना करारमा कर्मचारी राख्न पाइने छैन।

४५. बेरुजु फर्स्यौट कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ। बेरुजु फर्स्यौटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनु हुनेछ र सोका लागि करारमा थप जनशक्ति लिनु हुने छैन।

**(ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन**

४६. विनियोजन ऐन, २०८१ अनुसार रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एकभन्दा बढी अनुदान संकेतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संकेत भित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ८२

(घ) प्रदेश र स्थानीय तहका लागि अनुदान संकेत ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन।

(ङ) एकै बजेट उपशीर्षक भित्रको एउटै खर्च शीर्षक तर्फ चालु र पुँजीगत स्वीकृत क्रियाकलापको त्रैमासिक संशोधन गर्नु पर्ने भएमा पहिलो त्रैमासिक भित्र गर्नु हुनेछ ।

(च) मन्त्रालयगत बजेट सूचना प्रणालीमा स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षक भित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा पुस महिनाभित्र कार्यक्रम संशोधन गर्नु हुनेछ ।

(छ) मन्त्रालयगत बजेट सूचना प्रणालीमा स्वीकृत वार्षिक आयोजना तथा कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरू विनियोजनको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न, बुँदा नं. (छ) बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा देहायको खर्च संकेत (इन्टर इकोनमिक कोड) भित्र रही गर्नु हुनेछः-

| क. स. | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २२२११ | इन्धन (पदाधिकारी) |
| २ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) |
| ३ | २२२१३ | सवारी साधन मर्मत खर्च |
| ४ | २२२१४ | बीमा तथा नवीकरण खर्च |
| ५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| ६ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | २२२९१ | अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च |
| ८ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री |
| ९ | २२३१२ | पशुपन्छीहरूको आहार |
| १० | २२३१३ | पुस्तक तथा सामग्री खर्च |
| ११ | २२३१४ | इन्धन-अन्य प्रयोजन |
| १२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च |
| १३ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| १४ | २२५११ | कर्मचारी तालिम खर्च |
| १५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ०२

| क. स. | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १६ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| १७ | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च |
| १८ | २२६१२ | भ्रमण खर्च |
| १९ | २२६१९ | अन्य भ्रमण खर्च |
| २० | २२७११ | विविध खर्च |

४७. एकै अनुदान सङ्केतभित्रको एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँड भएको देहायको एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाई अर्को बजेट उपशीर्षकमा थप गर्नु पर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी (सोही आधारमा क्रियाकलाप परिवर्तन नगरी) खर्च शीर्षकमा स्वीकृत दरबन्दीभित्र रही रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु हुनेछ।

| क. स. | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधि उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ९ | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च |
| १० | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| ११ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च |

४८. बुँदा नं ४६ र ४७ अनुसार कार्यक्रम संशोधन तथा रकमान्तर स्वीकृत गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु हुनेछ।

४९. प्रचलित कानून बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन, स्रोतान्तर र थप निकासा माग गर्दा अनिवार्य रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा समेत प्रविष्ट गरी माग गर्नु हुनेछ।

५०. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रममा समेत विनियोजन भएको र गत आ.व. २०८०/८१ मा प्रचलित कानून, स्वीकृत मापदण्ड बमोजिम विधिसम्मत रूपमा

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौं, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. 62

खर्च शीर्षक ३११५१-सडक तथा पूल निर्माण, ३११५५-सिँचाई संरचना निर्माण, ३११५६-खानेपानी संरचना निर्माण, ३११५८-सरसफाई संरचना निर्माण, ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट म.ले.प.फा.नं.२२१ भरी प्रमाणीत भएको रकमको हकमा सम्बन्धित आयोजना तथा कार्यक्रमको जुनसुकै त्रैमासिकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्नुहुनेछ।

५१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आई.एस.) मा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजनाबाट अर्को आयोजनामा कार्यक्रमको क्षेत्र र उद्देश्यमा फरक नपर्ने गरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा प्रदेशको विषयगत मन्त्रालयको अनुरोधमा संघीय विषयगत मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बि.आई.एस.) मा थपघट तथा कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा क्षेत्रगत रूपमा विनियोजित रकम कूल क्षेत्रगत बजेट सीमामा फरक नपर्ने गरी आवश्यकता र औचित्यका आधारमा रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु हुनेछ। (जस्तैः सिँचाई क्षेत्रको भए सिँचाईमा, सडक क्षेत्रको भए सडकमा, खानेपानी क्षेत्रको भए खानेपानीमा)

५२. राष्ट्रिय गौरवको आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्काका लागि स्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट अन्यत्र रकमान्तर प्रस्ताव गर्नु हुने छैन।

५३. आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन मासिक प्रगति विवरण तालुक निकायमा पेश गर्ने र अनुगमन गर्ने व्यवस्थाका साथै ठेक्का मूल्याङ्कनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था मिलाउनु हुनेछ।

५४. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

५५. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, पारिश्रमिक, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा विजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ८२

५६. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट बहुवर्षीय ठेक्का तथा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८१ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

५७. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रूपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT)गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब, भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्वरसहित अर्थ मन्त्रालयले तोकेको ढाँचामा रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

५९. त्रैमासिक अवधिमा भएको कार्यको दायित्व भुक्तानी सो अवधि समाप्त भएको अर्को महिनाभित्र अनिवार्य रुपमा फरफारक गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनःअन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनु हुनेछ। साथै, कुनै पनि पुंजीगत तर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भए पछि पुनः सोही क्रियाकलापमा थप बजेट व्यवस्थापन (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) हुने छैन।

६०. निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत लगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नु/गराउनु हुनेछ।

६१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. 42

६२. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ।

६३. आर्थिक वर्ष २०८१/८२ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय लगायतका भत्तामा खर्च लेख्नु हुने छैन। मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन, फर्निचर, कम्प्युटर, ल्यापटप लगायतका सामग्रीहरू अनिवार्य रुपमा ६ महिनाभित्र लिलाम बिक्री गर्नु हुनेछ। अत्यावश्यक अवस्थामा नयाँ सवारी साधन खरिद गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको अनिवार्य पूर्व सहमती लिनु हुनेछ।

६४. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था मिलाउनु हुनेछ। बैदेशिक भ्रमणका लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

६५. सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ। सरकारी प्रयोजन भनी कर्मचारीको आवासका लागि घर वहाल लिएको पाईएमा सो रकम सम्बन्धित कर्मचारीले नै भुक्तानी गर्नु पर्नेछ।

६६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/ब्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

६७. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ। सहमति विना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुने छैन।

६८. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यबस्था मिलाउनु हुनेछ।

६९. भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद योजना तर्जुमा गरी अर्थ मन्त्रालयमा पठाउनु हुनेछ। नगद प्रवाहलाई व्यवस्थित गर्न रू.१ अर्वभन्दा बढिको भुक्तानी दिनुपर्ने भएमा ७ दिन अगावै अर्थ मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु हुनेछ।

(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. 62

७०. विनियोजन ऐन, २०८१ बमोजिम समानीकरण अनुदान बाहेक अन्य अनुदान शीर्षकबाट हस्तान्तरण भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७१. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी सो अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ।

७२. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम, ठेगाना तथा सम्पर्क नम्बर, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

७३. बजेट अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाउनु हुनेछ। विकास आयोजनाहरूको अनलाइन अनुगमन गरी विनियोजित बजेट अनुरूप खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित प्रकाशनहरू अर्थ मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

**(ङ) थप निर्देशनहरुः**

७४. मन्त्रालयसँग हुने कार्य सम्पादन सम्झौताका शर्त अनुरुप सेवालाई गुणस्तरीय, प्रभावकारी बनाउनको लागि उपलब्ध हुने आन्तरिक र बाह्य श्रोत साधनको अभिलेखीकरण गरी प्रणालीमा आवद्ध गर्ने, गराउने, समयमै जिन्सी निरीक्षण गर्ने गराउने, लिलाम मिनाहा गर्ने अस्पताल/प्रतिष्ठानको सरसफाई लगायतको काममा विषेश ध्यान दिनु हुनका साथै मन्त्रालयबाट स्वीकृत न्यूनतम सेवा मापदण्ड अनुरुप स्वास्थ्य सेवा स्तरोन्नती र गुणस्तर कायम गर्नुहनेछ।

७५. राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम र नियमित बार्षिक रुपमा प्रगति प्रतिवेदन बुझाउनु पर्ने कार्यक्रमको हकमा राष्ट्रिय योजना आयोगबाट तोकिएको फारम भरी कार्यक्रम स्वीकृत

डा. रोशन पोखरेल
सचिव

☎ ०१-४२६२८६२
रामशाहपथ,
काठमाण्डौ, नेपाल।

पत्र संख्याः २०८१/८२
च.न. ८२

गराई सो बमोजिम समयमा नै तत् तत् निकायहरुमा प्रतिवेदन गरी सो को जानकारी मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखामा गर्नु हनेछ।

७६. सार्वजनिक लेखा समिति अन्तर्गत गठित बेरुजु छलफल उपसमितिले म.ले.प. को बार्षिक प्रतिवेदन उपर गरेको निर्णय अनुरुप कार्यान्वयन गरि गराई सो को प्रत्येक महिनाको प्रगति विवरण ७ गते भित्र मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

७७. स्वीकृत बजेटको परिधि भन्दा बढीको दीर्घकालीन योजना मेशिनरी, औजार उपकरण र अन्य भौतिक संरचनाको निर्माण कार्य गर्नु परेमा बजेटको सुनिश्चितता नगरी नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने गरी भएका सम्झौता, अदालतका फैसला बमोजिम भए गरेको दायित्वको लागि सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुने र त्यस्तो रकमको लागि थप निकासाको सिफारिस यस मन्त्रालयसंग पूर्व सहमति लिएर मात्र हुनेछ।

७८. नेपाल सरकारको श्रोतबाट व्यहोरिने गरि प्रतिष्ठानहरुले काठमाडौंमा सम्पर्क कार्यालय राख्न नपाउने भएकोले सम्पर्क कार्यालय राखेको भए बन्द गरी यस मन्त्रालयमा जानकारी गराउनु हुनेछ।

७९. यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०८१/८२ को प्रारम्भ देखि नै कार्यान्वयन गर्नु गराउनु हुनेछ।

(डा. रोशन पोखरेल)
सचिव

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु (सबै)।